REGIONAL NEWS
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS

18:40 hrs 06.07.2024

- CM Dharamsala

हिमाचल प्रदेशस्थित धरमशालामा आज परमपावन चौधौं दलाई लामाको नवासीयौं जन्म जयन्ती भव्य रूपमा पालन गरियो। यस अवसरमा धरमसालाको म्याक्लियोडगञ्जमा केन्द्रिय तिब्बती प्रशासनद्वारा आयोजना गरिएको कार्यक्रममा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थ्यो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्री श्री तामाङले सिक्किमवासीको तर्फबाट परमपावन दलाई लामालाई जन्म दिनको बधाई दिँदै भन्नुभयो, दुःखमा परेका मानवजातिप्रति परमपावनको भलाइ र करुणाको ज्योतीले यो भूमिलाई सुन्दर बनाएको छ। मुख्यमन्त्रीले बाल्यकालमा विभिन्न उत्तार चढ़ाउको सामना गर्नुपरेको भए तापनि परमपावनले संधै विश्वमा शान्ति र सद्भावका निम्ति वकालत गरिरहनुभयो भनी बताउनुभयो। श्री तामाङले सारा विश्व परमपावनको शिक्षाबाट लाभान्वित भइरहेको पनि बताउनुभएको छ। उहाँले भन्नुभएको छ, परम पावनले बुद्ध धर्मको शान्ति, प्रेम र करुणाको विचारधारा सबैलाई सिकाउने र साझा गर्ने महत्त्वलाई सधैं जोड दिनुहुन्छ, ताकि यसबाट समाज लाभान्वित हुनसकोस्।

---------------------------------------X---------------------------------------

- Governor Wishes Dalai Lama

राज्यपाल श्री लक्ष्मण प्रसाद आर्चयले परमपावन दलाई लामालाई ८९औ जन्म दिनको शुभकामना दिनुभएको छ। राज्यपालले आध्यात्मिक गुरू एंव मानवताका प्रणेता, परमपावन दलाई लामाको मार्गदर्शनका निम्ति उहाँप्रति सम्मान प्रकट गर्नु भएको छ। श्री आचार्यले उहाँको सुस्वास्थ्य र दीर्घयुको कामना पनि गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- Sikkim Paryavaran Parva

कार्मिक तथा योजना एवं विकास विभागले आज चालू सिक्किम पर्यावरण पर्व 2024-को अवसरमा विरूवा रोपण कार्यक्रम आयोजन गऱ्यो। विभागीय सचिव श्री रिञ्जिङ छेवाङ भोटियाको नेतृत्वमा बुलबुले पुगेका अधिकारी एवं कर्मचारीहरूले पर्यावरण संरक्षण र दिगोपनको प्रतिकको रुपमा एक सय आठवटा बिरुवा रोपेका छन्।

---------------------------------------X---------------------------------------

- <u>F&CS Department</u>

मंगन जिल्लाको खाद्य एवं नागरिक आपूर्ति विभाग चुङथाङ-लाचेन तर्फको मार्ग अस्थायी रूपमा बहाल भएपछि यहाँको मुन्सीथाङ भएर आज पीडीएस चामलको पहिलो खेप लाचेन जुम्सा पठाउन सफल भएको छ।

मुन्सीथाङमा सड़कको पूरै भाग गत वर्षको जलप्रलयपछि क्षतिग्रस्त भएर बगाएपछि यहाँ वाहनको आवागमनमा बाधा हुनका साथै लाचेन जुम्साको सड़क सम्पर्क राज्यका अन्य भागहरूबाट पूर्ण रूपमा टुटेको थियो।

आज भएको यस कार्यमा विभागले सफलतापूर्वक एक सय तेह्र ब्याग चामल पठाएको छ भने सड़क र मौसम अनुकूल भएको खण्डमा भोली चामलको अर्को खेप यहाँ पठाइनेछ।

खाद्य तथा नागरिक आपूर्ति विभाग मन्त्री एवं चालेन-मंगनका विधायकको निर्देशनमा विभागीय सचिव, मंगनका जिल्लाधीश, जिल्ला नागरिक आपूर्ति अधिकारी लगायतको टोलीले यस अभियानलाई सफल तुल्याएको छ।

--------------------------------------X--------------------------------------

- <u>Dzongu Road Restoration</u>

अप्पर जङ्गुस्थित लिङदोङमा पुनर्स्थापनाको कार्य पूरा भएपछि जङ्गु सड़क मार्ग खोलिएको छ। यहाँ गत तेह्र जूनका दिन गएको व्यापक पैह्रोपछि यो मार्ग बन्द भएको थियो। अब भने जङ्गु र सिपग्यारको मार्ग भएर वाहनहरू चुङथाङ र लाचेन तर्फ जान सक्नेछन्। तथापि, सड़क मार्गको अवस्था राम्रो नभएका कारण यात्रीहरूलाई आपात्कालिन स्थितिमा मात्र यात्रा गर्ने सल्लाह दिइएको छ।

आज मार्ग खोलिएपछि गत तेह्र जुनदेखि चुङथाङमा थुनिएका लगभग पचासवटा पर्यटक वाहनहरू लिङदुङबाट भएर गान्तोक तर्फ प्रस्थान भएका छन्।

--------------------------------------X--------------------------------------

- <u>Sonam Lama Meets Kiren Rijiju</u>

धर्म तथा जल संसाधन विभाग मन्त्री श्री सोनाम लामाले हिजो नयाँ दिल्लीमा केन्द्रिय संसदीय तथा अल्पसंख्यक मामिला मन्त्री श्री किरेन रिजिजुसित भेट गर्नुभयो। उहाँले भेट अवधि श्री रिजिजुसित केन्द्रिय स्तरमा सिक्किमको लामो समयदेखि चलिरहेको धार्मिक विभागका लागि एउटा मूल मन्त्रालय वा एजेन्सीको स्थापनाको आवश्यकतामाथि चर्चा गर्नुभयो।

श्री लामाले केन्द्रको सहयोग नभएका कारण धर्म विभागले सामना गर्नु परिरहेको चुनौतीबारे पनि उहाँलाई अवगत गराउनुभयो, जसको कारण वित्तीय समस्या हुनका साथै केन्द्रिय योजना र अनुदान प्राप्त गर्नमा कमी आइरहेको छ। केन्द्रीय मन्त्रीसित यस मुद्दाको सम्बोधन गर्न उपाय निकालिदिने आग्रह गर्नका साथै उहाँले परम पावन सत्रौं ग्याल्वा कर्मापा ओगेन ट्रिन्ले दोर्जेको सिक्किम भ्रमणको प्रस्ताव राख्नुभयो अनि उहाँको आगमनलाई लिएर राज्य सरकार तयार छ भनी बताउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Cooperation Day</u>

राउते-रुम्तेक ग्राम पञ्चायत एकाईको ग्राम प्रशासनिक केन्द्रमा आज एक सय दुईऔं अन्तरराष्ट्रिय सहकारिता दिवस पालन गरियो। हाम्रो भूमि कृषक उत्पादक सहकारिता संघ लिमिटेडद्वारा सहकारिता विभागसितको सहकार्यमा आयोजित कार्यक्रममा गान्तोकका जिल्ला अध्यक्ष श्री बलराम अधिकारी मुख्य अतिथि हुनुहुन्थ्यो।

सिक्किमको पचासौं राज्य दिवसका निम्ति यो पूर्वावलोकन कार्यक्रम पनि हो। कार्यक्रममा इफको सिक्किम र राकदुङ-दिनतेक बहुउद्देसीय सहकारी संघ लिमिटेडबीच सम्झौतामा हस्ताक्षत गरियो। अब भने यस संघलाई प्रधानमन्त्री कृषि समृद्धि केन्द्रको रूपमा कार्य गर्ने अनुमति मिल्नेछ।

---------------------------------------X---------------------------------------

- <u>SIC Organized Marathon</u>

सिक्किम सूचना आयोगले राज्यका विभिन्न जिल्लामा तल्लो तहका कार्यकर्ताहरूलाई लक्षित गर्दै दुईदेखि छह जुलाईसम्म पाँच दिवसीय म्याराथन जागरूकता कार्यक्रम आयोजन गऱ्यो।

मंगन जिल्लाको काबी खण्ड प्रशासनिक केन्द्रबाट दुई जुलाईमा शुरू भएको यो कार्यक्रम दोस्रो दिन पाकिमका अतिरिक्त जिल्लाधीश (विकास)-को कार्यालयस्थित बहुउद्देशीय कक्षमा अनि तेस्रो र चौथो दिनको कार्यक्रम डुगा खण्ड प्रशासनिक केन्द्रमा पालन गरियो। पाँच तारिक सम्पन्न चौथो दिनको कार्यक्रम नाम्ची जिल्लाको तिमी खण्ड प्रशासनिक केन्द्रमा र आज सम्पन्न पाँचौं अनि अन्तिम दिनको कार्यक्रम गेजिङ र सोरेङ जिल्लाका प्रतिभागीहरूका निम्ति करफेकटारस्थित राज्य ग्रामीण विकास संस्थानमा पालन गरियो।

---------------------------------------X---------------------------------------